# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

पत्र संख्या :

चलानी नं :

## शुभकामना

संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको यस ऐतिहासिक दिन तथा राष्ट्रिय दिवसको शुभ अवसरमा कुश्मा नगरपालिका एवम् स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली वुवाआमा, दिदिवहिनी तथा दाजुभाईहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । यस अवसरमा विभिन्न कालखण्डमा नेपालको स्वतन्त्रता, राष्ट्रियता, राष्ट्रिय एकता, स्वाधिनता, शान्ति, र लोकतन्त्रका लागि भएका आन्दोलन तथा संघर्षहरुमा आफ्नो जीवनको उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरु प्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

नागरिकको अधिकार प्रवर्द्धन तथा शासनको अधिकारको सीमाङ्कन गर्ने ज्यावलको रुपमा लिएको संविधान देशको मूल कानून हो । नेपालको वर्तमान संविधान जनताका प्रतिनिधि मार्फत निर्माण गरिएको ऐतिहासिक संविधान हो । यसले जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा अंगिकार गरेको छ । यसले संघीय लोकतान्त्रिक गणतन्त्रात्क शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने लक्ष्य लिएको छ ।

संघात्मक राज्य व्यवस्था अनुरुप ३ तहको सरकार संघ, प्रदेश र स्थानीयबीचको सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेको छ । स्थानीय तह जनताको आफ्नो सरकार (People's Own Government) को रुपमा लिइएको छ । वर्तमान संविधानले लिएको समावेशी, लोकतान्त्रिक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको कार्यान्वयनको लक्ष्यबाट नै समृद्धि, सुशासन र दिगो शान्ति कायम गर्न सकिन्छ । तर विश्वभरी फैलिएको कोरोना भाइरस (Covid-19) ले मानवीय स्वास्थ्य र सामाजिक तथा आर्थिक गतिविधिमा बाधा व्यावधान सिर्जना गरेको छ । यस विषम परिस्थितिमा सम्पूर्ण नगरवासीहरुमा सचेत, सजग र सुरक्षित रहनको लागि अनुरोध गर्दछु ।

अन्त्यमा संविधान दिवस २०७८ को यस पावन अवसरमा नेपालको संविधानले व्यवस्था गरे अनुरुप स्थानीय सरकारको अधिकार र कर्तव्यको पूर्ण पालना र कार्यान्वय गर्ने, "सुन्दर र समृद्ध:कुश्मा नगर" निर्माण गर्ने प्रतिबद्धताका साथै संविधानले व्यवस्था गरेको मौलिक हक तथा अधिकारहरुमा जनताको पहुँच पुग्ने विश्वास व्यक्त गर्दै पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

३ असोज, २०७८

रामचन्द्र जोशी
प्रमुख

फोन नं :०६७-४२०१४१, वेबसाइटः www.kushmamun.gov.np, ईमेल : info@kushmamun.gov.np

Scanned with CamScanner